ब्रह्मपुरी गाउँपालिकाको गा.पा. अध्यक्ष श्री राम पदारथ साह तेली ज्यूले

प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

## ब्रह्मपुरी गाउँपालिका

ब्रह्मपुरी, सर्लाही ।

०८३ साल अषाढ १० गते बुधवार

ब्रह्मपुरी गाउँपालिका, सर्लाहीका उपाध्यक्ष लगायत सम्पूर्ण गाउँसभा सदस्य एवम् कर्मचारीहरु,

सर्वप्रथम ब्रह्मपुरी गाउँपालिकाको गाउँसभाको बिसौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

१. गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनमा जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।
२. विभिन्न मुलुकहरुबीचको द्वन्द्व लगायत अन्य विविध कारणहरुले गर्दा विश्व अर्थतन्त्रको साथै देशको अर्थतन्त्रमा प्रतिकुल अवस्था सिर्जना भई गाउँपालिकाको आर्थिक अवस्थामा समेत नकारात्मक प्रभाव पारेको छ । नेपालजस्तो न्यून आय भएको मुलुकले ठुलो मात्रामा आर्थिक संकट सामना गर्नु परिरहेको छ । त्यसको प्रत्यक्ष असर अगामी आर्थिक वर्षको लागि संघ र प्रदेशबाट स्थानीय तहहरुमा हुने वित्तीय हस्तान्तरणमा कटौती र चालु आर्थिक वर्षमा निकासा हुनुपर्ने अनुदानहरुमा भएको कटौतीबाट प्रष्ट हुन्छ ।
३. स्थानीय तह निर्वाचन, २०७९ बाट निर्वाचित भएर आएपश्चात् कार्यकालको चौथो वर्षसमेत व्यतीत भइ पाँचौ वर्षमा प्रवेश गरिरहेका छौं । हामी निर्वाचनको समयमा गरेको प्रतिबद्धता पुरा गर्ने कठिन परीक्षाको मोडमा छौं । आपसी सद्भाव, समन्वय र सहकार्यबाट मात्र हामीले सोचेको र जनताको अपेक्षा सम्बोधन हुन सक्दछ । सर्वोपरी विकासले मात्र ब्रह्मपुरी गाउँपालिकाको मुहार फेरिनेमा दुइमत नहोला, तसर्थ त्यसतर्फ हाम्रा पाइलाहरु अघि बढ्नु पर्नेमा जोड दिन चाहन्छु ।
४. सीमित साधनस्रोतको अधिकत्तम परिचालन गरी नगरबासीको माग र आकांक्षालाई सम्बोधन गर्दै जानुपर्ने विद्यमान अवस्था छ । समृद्ध नेपाल, सुखी नेपाली राष्ट्रिय लक्ष्य पुरा गर्न हामी दृढ अठोटका साथ अघि बढीरहेका छौं । हाम्रा नीति तथा कार्यक्रम पनि सोहीतर्फ परिलक्षित रहेको छ ।

सभाका सदस्यहरु,

अगामी आ.व. २०८३।८४ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुअघि हालसम्म भएका मुख्य उपलब्धीहरु उल्लेख गर्न चाहन्छु ।

- गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेको छ।गाउँपालिकाले विभिन्न वस्तीहरुमा सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ ।गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ बनाइएको छ ।
- गाउँपालिकाले सडक वत्ती, सौर्य उर्जा, घरवत्ती जडान जस्ता कार्यलाई प्राथमिकताको साथ अगाडी बढाएको छ ।
- कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, प्रशासनीक तथा बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ ।
- विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद कार्यक्रमहरु सञ्चालन भएका छन ।
- हाल सम्म गाउँपालिकाको सातै वडामा कृषि सडक निर्माण भएको छ ।सातै वडामा तरकारी उत्पादनको लागि बिउ बिजन वितरण गरिएको छ ।
- कृषि सहकारी संस्थालाइ ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएको छ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिहरुलाई विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ ।
- गाउँपालिकाले सम्पुर्ण सामुदायिक विद्यालय लगायत सबै कार्यालयहरुमा विद्युतीय हाजिरीको अनिवार्य प्रयोग गरेको छ । जसले शिक्षक तथा कर्मचारीको नियमितता र समयपालनालाई प्रत्याभुत गरेको छ ।
- गाउँपालिकाले विभिन्न साझेदारहरुसँग खानेपानी आयोजना निर्माणको लागि समझदारी पत्रमा हस्ताक्षर गरी तत्कालै योजना निर्माणको कार्य अगाडी बढाएको छ ।
- कृषि कार्यलाई प्रविधिमैत्री र यान्त्रीकरण गर्न कृषि विद्युतीकरण र कृषि यन्त्रमा जनताको पहुँच स्थापित गरेको छ । कृषि मिटर महसुललाई निशुल्क गरेको छ ।
- खानेपानीमा सहज पहुँचको लागि विभिन्न स्थानमा मिटर सहितको समर्सियल बोर्डिङ्ग जडान गरेको छ ।
- गाउँपालिकाको कक्षा १ देखी ५ सम्मका लागि स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागू गरिएको छ । त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्दतीबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षामा जोड दिइएको छ ।
- गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिएको छ ।

- गाउँपालिकाले आवश्यक ऐन,नियमावली,कार्यविधि, र मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।
- गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

सभाका सदस्यहरु,

अब म अगामी आर्थिक बर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभामा प्रस्तुत गर्दछु ।

**<u>(अ) आर्थिक विकास तथा रोजगार नीति</u>**

## क. कृषि तथा खाद्य नीति

१. कृषिमा यान्त्रीकरण, आधुनिक कृषि प्रणालीमा सहयोग भन्ने नाराका साथ कृषि कार्यको लागि कृषकहरुलाई विभिन्न यन्त्र, उपकरणहरु अनुदानमा प्रदान गरिनेछ ।
२. कृषि शिक्षा तथा प्रसार कार्यक्रम अन्तर्गत तरिका प्रदर्शन, उत्पादन प्रदर्शन, माटो परीक्षण शिविर, तालिम, समुह परिचालन जस्ता कार्यक्रम संचालन गरिनेछ ।
३. ब्रह्मपुरी गाउँपालिकामा रहेका कृषक, कृषक समहु, कृषि सहकारी, जग्गाको अवस्था, लगाउने बाली तथा  तिनको क्षेत्रफल लगायतका बारेमा अध्ययन गरी तथ्याङ्क संकलन तथा अद्यावधिक गरिनेछ ।
४. कृषि विद्युतीकरणका साथै कृषि मिटरको महसुल पालिकाबाट भुक्तानी हुने कार्यलाई निरन्तरता दिइनेछ ।

## ख. पशुपंक्षी विकास नीति

१. पशुपालक कृषकहरुलाई रोग नियन्त्रण र उपचारमा सहज पहुँच सुनिश्चित गर्न आवश्यक औषधीहरु खरिद गरी निशुल्क वा सहुलियत दरमा वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ, जसबाट पशु स्वास्थ्य सुधार र उत्पादन क्षमतामा बृद्धि गरिनेछ ।
२. उत्पादनशिता अभिवृद्धि, नस्ल सुधारका लागि कृत्रिम गर्भाधार कार्यक्रमलाई मिशनको रुपमा विस्तार गरी गाउँपालिका भरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३. स्थानीय स्तरमै सजिलै उत्पादन गर्न सकिने घाँसको खेती प्रवर्द्धन गर्न बिउ वितरण तथा तालिम संचालन गरिनेछ ।
४. आकस्मिक तथा महामारीजन्य पशु रोगहरु नियन्त्रण गर्न बिशेष कार्यक्रम संचालन गरिनेछ।
५. पशुमा देखिने रोगको नियन्त्रणको लागि खोप कार्यक्रम संचालन गरिनेछ ।

## ग. उद्योग, व्यपार तथा रोजगार नीति

१. ब्रह्मपुरी गाउँपालिका क्षेत्रभित्र उद्यम संचालनको लागि परम्परागत तथा स्थानीय सीप विकास कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।
२. ब्रह्मपुरी गाउँपालिका र साझेदार संस्थाहरुले संचालन गर्ने उद्मशिलता सम्बन्धी तालिमहरु एकिकृत प्रणालीबाट संचालन गरिनेछ ।
३. बेरोजगार यूवाहरुलाई विदेशिनबाट रोक्नको लागि नीजि क्षेत्रसँगको सहकार्य र समन्वय गरी रोजगारीका अवसरहरु सिर्जना गर्न पहल गरिनेछ ।
४. यस गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका व्यवसायहरुलाई अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गरी व्यपार व्यवसायहरुको प्रवर्द्धन गरिनेछ ।
५. परम्परागत घरेलु उद्योगलाई प्रवर्द्धन गरिनेछ ।
६. गाउँपालिकाले योजनाहरु संचालन गर्दा रोजगार सेवा केन्द्रमा सुचिकृत रहेका श्रमिकहरुलाई रोजगारीको लागि खटाउन प्रेरित गर्ने नीति लिइनेछ ।

## घ. भूमी, सहकारी तथा वित्तीय नीति

१. यस ब्रह्मपुरी गाउँपालिकाबाट भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापनको लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।
२. यस पालिकाभित्र रहेका सहकारीसंस्थाहरुलाई अनिवार्य COPOMIS मा आवद्ध गराइ तथ्याङ्क अद्यावधिक गरेर कार्य कडाइका साथ लागु गर्ने नीति लिइनेछ ।
३. यस गाउँपालिका अन्तर्गत रहेका सहकारी संस्थाहरुको अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

## (आ) सामाजिक विकास नीति

### क. शिक्षा नीति

१. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालयका कर्मचारीहरुलाई मासिक रुपमा तलब भत्ता उपलब्ध गराइनेछ ।

२. सामुदायिक विद्यालयमार्फत प्राथमिक तहदेखी अंग्रेजी माध्यमबाट कक्षा संचालन कार्य प्रारम्भ गरिनेछ ।

३. विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाई गुणस्तरी शिक्षामा सबैको पहुँच बृद्धि गर्न विद्यालयमा प्रविधिको विस्तार गरिनेछ ।

४. बालविकास शिक्षिकाको पारिश्रमिकमा पालिकाबाट मासिक रु. तीन हजार प्रदान गरिदै आएको रकममा बृद्धि गरिनेछ ।

५. बालबालिकाको सिकाईप्रति शिक्षक, समुदाय तथा अभिभावकहरुलाई जिम्मेवार बनाइनेछ । यसका लागि अभिभावक शिक्षा, सहयोग तथा अभिभावक प्रोत्साहनको कार्य गरिनेछ ।

६. शुन्य दरबन्दी रहेका तथा विद्यार्थीको अनुपातमा कम शिक्षक दरबन्दी रहेका विद्यालयमा शिक्षकको अभाव हुन नदिन शिक्षण अनुदान मार्फत पठनपाठनको व्यवस्था गरिनेछ । विद्यार्थी संख्याको अनुपातमा शिक्षकको दरबन्दी मिलान गरिनेछ ।

७. स्थानीय पाठ्यक्रमलाई समयानुकुल बनाउन आवश्यक परिमार्जन गरिनेछ ।

८. शिक्षाको गुणस्तर अभिवृद्धी गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षा समिति एवम् सरोकारवाहरुको भुमिकालाई सक्रिय बनाइनेछ ।

९. प्रधानाध्यापक र लेखा कर्मचारी एवं शिक्षकलाई लेखा र जिन्सी व्यवस्थापन सम्बन्धी तालिम संचालन गरिनेछ ।

१०. शिक्षा लगानी बढाउन सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय र साझेदारीमा विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

११. एसईई मा राम्रो नतिजा ल्याउने विद्यार्थी, शिक्षक र विद्यालयलाई पुरस्कृत गरी प्रोत्साहन गरिनेछ ।

१२. सुवेदार नन्दलाल मा.वि. भेल्हीमा ११ र १२ कक्षा संचालन गरिनेछ ।

**ख. जनस्वास्थ्य नीति**

१. जेष्ठ नागरिकहरुको स्वास्थ्य प्रति संवेदनशिल रही जनतासँग अध्यक्ष कार्यक्रमलाई थप प्रभावकारीरुपमा संचालन गरी स्वास्थय सेवा जनताको घरदैलोसम्म पुर्याइनेछ ।

२. पालिकाबाट विभिन्न स्थानमा समय समयमा स्वास्थ्य शिविर संचालन गरिनेछ ।

३. स्वास्थ्य सेवालाई सुलभ, कम खर्चिलो र गुणस्तरी बनाउन स्वास्थय संस्थाहरुमा आवश्यक औषधी र स्वास्थ्य सामाग्रीहरुको व्यवस्था गरिनेछ ।

४. कुपोषण न्युनीकरण तथा व्यवस्थापनका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

५. प्राकृतिक चिकित्सा पद्धतिबाट हुने उपचारको लागि निशुल्क औषधी वितरणका लागि आवश्यक औषधीको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

६. महिला स्वास्थ्य स्वयमसेविकाको मनोबल उच्च राख्न प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. यस गाउँपालिकाभित्र रहेका सम्पूर्ण स्वास्थय संस्थाहरु र खोप तथा गाउँघर क्लिनिकहरुमा आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

८. ब्रह्मपुरी गाउँपालिका एवं सरोकारवालाहरुसँगको समन्वय र साझेदारीमा पूर्ण सुरक्षित मातृत्व गाउँपालिका, पूर्ण खोपयुक्त गाउँपालिका र कुपोषणमुक्त गाउँपालिका घोषणा कार्यक्रमलाई अगाडी बढाइनेछ ।

९. प्रसुती सेवा केन्द्रमा रात्री समयमा कामकाज गर्ने कर्मचारीलाई प्रोत्साहनका लागि आवश्यक सेवासुविधाको व्यवस्थापन गरिनेछ ।

१०. गाउँपालिकाबासीहरुलाई बर्थिङ सेन्टरसम्म प्रसुति गराउन ल्याउन तथा लैजान र बर्थिङ सेन्टरबाट प्रेषण भएकाहरुलाई प्रादेशिक अस्पताल मलंगवासम्म पुर्याउन निशुल्क एम्बुलेन्स सेवाको प्रवन्धलाई निरन्तरता दिइनेछ ।

११. लामखुट्टे नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ग. खानेपानी तथा सरसफाई नीति

१. खानेपानी आयोजनाहरुको दिगो व्यवस्थापन गर्नका लागि ब्रह्मपुरी गाउँपालिका र साझेदारसंस्थाहरुको लागत साझेदारीमा खानेपानी योजना निर्माण र पुराना आयोजनाहरुको मर्मत सम्भार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. खानेपानीको लागि गाडिएको समर्सियल पम्पहरु नियमित मर्मत सम्भार तथा संचालन गरिनेछ ।

३. पूर्ण तथ्याङ्कमा आधारित N-WASH प्रणालीमा तथ्याङ्क प्रविष्टी गरी खानेपानी तथा सरसफाई आयोजनाहरु संचालन गरिनेछ ।

४. पालिकाभित्रका बजार क्षेत्र तथा सार्वजनिक क्षेत्रहरुमा नियमित सरसफाई गर्ने नीति लिइनेछ ।

५. खानेपानीमा सहज पहुँचको लागि समर्सियल बोर्डिङ्ग जडानको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## घ. संस्कृति प्रबर्द्धन नीति

१. परम्परागत कलासंस्कृति, पर्व, मेलाको संरक्षण, सम्बर्द्धन र विकासको लागि आवश्यक पहल गरिनेछ ।

## ङ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरल र सहज बनाउनको लागि बैंकसँगको सहकार्यमा वडा कार्यालयबाट भत्ता वितरण गर्ने कार्यको लागि पहल गरिनेछ ।

२. अपाङ्गता भएका बालबालिकाहरुको तथ्याङ्क संकलन गरी औषधी उपभारको लागि साझैदार संस्थाहरुसँग समन्वय गरी औषधी उपचारको व्यवस्था मिलाइनेछ ।

३. अपाङ्गता भएका व्यक्तिहरुको लागि विभिन्न सहायता सामाग्रीको व्यवस्थापन गरिनेछ ।

४. बालविवाह न्यूनीकरणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

५. बालबालिका भोलीका कर्णाधार मात्र नभएर आजका साझेदार हुन भने नीति अनुरुप बाल क्लव गठन र संचालन गरिनेछ ।

६. गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न, अशक्त, असहायलाई प्रभावकारी ढंगबाट आर्थिक सहायता प्रदान गरिनेछ ।

७. जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

**च. जनसंख्या व्यवस्थापन नीति**

१. सानो परिवार सुखी परिवारको नारालाई आत्मसात गर्दै जनसंख्या व्यवस्थापनका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

**छ. युवा तथा खेलकुद नीति**

१. युवाहरुलाई सरकारी सेवामा आकर्षक बढाउन लोकसेवा आयोग तयारी कक्षा संचालन गरिनेछ ।

२. गाउँपालिका क्षेत्रमा खेलकुदको सर्वाङ्गिण विकासका लागि अध्यक्ष कप क्रिकेट र रनिङशिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

३. यस पालिकाभित्रका युवा तथा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई खेलकुद प्रति आकर्षण गर्न खेलकुद सामाग्री वितरण गरिनेछ ।

४. दुव्यर्सनी र कुलतबाट मुक्त गर्न विभिन्न साझेदार संस्थाको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।

**<u>(इ) भौतिक पूर्वाधार विकास नीति</u>**

**क. सडक तथा पुल**

१. गाउँपालिका स्तरीय यातायात गुरुयोजना तयार गर्न जोड दिइनेछ । साथै गुरुयोजनाबाट निर्दिष्ट गरिएका सबै सडकहरुको Right of Way (ROW) निर्धारण गरी त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२. निर्माण शुरु भइ सम्पन्न हुन नसकेका योजनाहरुलाई प्राथमिकतामा राखी सम्पन्न गराउने नीति अवलम्बन गरिनेछ ।

३. आवधिक योजनाद्धारा निर्दिष्ट व्यवस्थाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४. गाउँपालिका क्षेत्रभित्र रहेका सडकहरुको नक्सामा कट्टा गरी सार्वजनिक सडकको रुपमा लैजान जोड दिइनेछ ।

**ख. भवन तथा वस्ती विकास**

१. सुरक्षित, व्यवस्थित, र वातावरणमैत्री भवन तथा आवास निर्माण गर्नका लागि वस्ती विकास तथा भवन निर्माणसम्बन्धी मापदण्ड, भवनसंहिता र निर्देशिकाहरु तर्जुमा गरिनेछ ।

२. विपन्न आवास, दलित आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई जोड दिइनेछ ।

**ग. उर्जा तथा विद्युत**

१. गाउँपालिकाको सम्पूर्ण घरधुरीमा विद्युतीकरणको विस्तार गर्नको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

२. स्ट्रीट सोलार लाइट, जडान तथा साझेदार संस्थाहरुसँगको समन्वयमा सुधारिएको चुलो वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**घ. सिचाई**

१. कृषि उत्पादकत्व बढाउन खेतीयोग्य जमिनहरुमध्ये सिचाई सुविधा नपुगेको भूमीमा सिचाई सुविधा पुर्याउन विभिन्न कार्यक्रम संचालन गरिनेछ । साथै कृषि विद्युतीकरण र कृषि मोटर जडान कार्यलाई प्रभावकारिता साथ संचालन गरिनेछ ।

**<u>(ई) वातावरण तथा विपद् व्यवस्थापन नीति</u>**

**क. वन तथा भूसंरक्षण नीति**

१. पालिकाभित्र बोटविरुवा वितरण तथा रोपण कार्यलाई निरन्तरता दिइनेछ ।

२. सार्वजनिक स्थान, सडक किनार, आदिमा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

**ख. जलाधार संरक्षण नीति**

१. ब्रह्मपुरी गाउँपालिकामा रहेका पोखरी, इनार, आदिको उचित मर्मत सम्भार र संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

**ग. जलवायु परिवर्तन**

१. यस ब्रह्मपुरी गाउँपालिकामा संचालित आयोजनालाई जलवायू परिवर्तन अनुकुल योजनाहरु संचालन गर्न विकास निर्माणको क्षेत्रमा काम गर्ने संघ, संस्था र निजी क्षेत्रसँग समन्वय सहकार्य गरी जलवायूमैत्री क्रियाकलापहरु संचालन गर्न प्रोत्साहन गरिनेछ ।

**घ. विपद् व्यवस्थापन**

१. विपद् व्यवस्थापन प्रकोपजन्य जोखिमलाई न्युनीकरण गर्न विपद् पूर्व तयारी योजना वा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गरिनेछ ।

२. विकासका योजना तयार गर्दा विपद् जोखिम न्युनीकरणका पक्षमा विशेष ध्यान दिइनेछ ।

३. गाउँपालिकामा विपद् व्यवस्थापन कोष खडा गरिनेछ । उद्धार कार्यको लागि आवश्यक सामाग्री खरिद र जनशक्ति व्यवस्थापन गरिनेछ ।

**ङ. फोहोरमैला व्यवस्थापन**

१. सार्वजनिक स्थानको फोहोरमैला व्यवस्थापनको लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ।

**(उ) संस्थागत विकास तथा सुशासन**

**क. नीति, कानुन, न्याय तथा सुशासन**

१. गुणस्तरीय सेवा प्रवाहको माध्यमबाट सामाजिक न्याय कायम गरी प्रशासकीय क्रियाकलापहरुलाई जनमुखी बनाउन आवश्यक ऐन कानूनहरुको निर्माण तथा विद्यमान कानुनहरुको आवश्यकताअनुसार परिमार्जन र संशोधन गरी व्यवहारिक बनाइनेछ ।

२. न्यायिक कार्यसम्पादनलाई प्रभावकारी र छिटोछरितो बनाउन क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

३. मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि र सक्रियता बढाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

### ख. संगठनात्मक विकास, मानव संशाधन तथा सेवा प्रवाह

१. कर्मचारीलाई उत्प्रेरित गर्न कर्मचारीको योग्यता, क्षमता र रुचीका आधारमा उपयुक्त व्यक्तिलाई उपयुक्त स्थान (Right man in Right Place) भन्ने सिद्धान्तलाई परिपालना गरिनेछ।

२. कार्यसम्पादनको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ । सो को लागि आवश्यक कार्यविधि तयार गरी मूल्यांकन गरिनेछ ।

३. कर्मचारीहरुको उच्च मनोबल बढाई कार्यालयको कामप्रति प्रेरित गर्न तथा कार्यालय समयबाहेक पनि कार्य गर्न अभिप्रेरित गर्न प्रोत्साहनको व्यवस्था गरिनेछ ।

४. स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम अबकास कोषमा हरेक बर्ष रकम विनियोजन गरी कर्मचारी कल्याणकोषको व्यवस्था गरिनेछ ।

५. स्वास्थयमा कार्यरत कर्मचारी र अन्य प्राविधिक तथा अप्राविधिक कर्मचारीहरुलाई कामप्रतिको जवाफदेहिता प्रवर्द्धन गर्न तथा ज्ञान, सीप र क्षमतामा निखारपन ल्याउन आवश्यकता बमोजिम तालिमको व्यवस्था गरिनेछ ।

### ग. राजश्व र स्रोत परिचालन

१. आन्तरिक आयलाई बृद्धि गर्न करको दायरा बृद्धि गरिनेछ ।

२. गाउँपालिकामा बेरुजु फछ्यौंट कार्यलाई तिव्रता दिइनेछ ।

३. पालिकाको राजश्व सुधार तथा वृद्धि गर्न राजश्व सुधार योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी प्रगतिशिल कर प्रणाली लागु गरिनेछ ।

### घ. तथ्याङ्क प्रणाली तथा योजना व्यवस्थापन

१. स्थानीय तहको डिजिटल प्रोफाइल तयार गरी तथ्याङ्क अद्यावधिक गरिनेछ ।

२. सार्वजनिक जग्गाको संरक्षण र अभिलेखीकरण गरिनेछ ।

### ङ. समन्वय र सहकार्य

१. संघ र प्रदेशसँगको सहकार्य र समन्वयलाई प्रभावकारी बनाउन आवश्यक नीति र कानुन तर्जुमा गरिनेछ ।

२. यस गाउँपालिकासँग सिमाना जोडिएको छिमेकी स्थानीय तह र अन्य स्थानीय तहसँग रहेका साझा सरोकारका विषय पहिचान गरी समन्वय र सहकार्य मार्फत सहलगानीको वातावरण बनाइ कार्य संचालन गरिनेछ ।

अन्त्यमा,

गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि प्रस्तुत नीति तथा कार्यक्रमले अंगिकार गरेका विषयहरुको कार्यान्वयन महत्वपूर्ण हुनेछ । नेपालको संविधानले आत्मसात् गरेको मूल्यमान्यता र परिकल्पना, चालु आवधिक योजना, दिगो विकासको लक्ष्यसँग अन्तरसम्बन्धित हुँदै यस गाउँपालिकाका आम जनसमुदायबाट प्रकट भएका भावना र अपेक्षालाई यस नीति तथा कार्यक्रमले समेट्ने प्रयास गरेको छ । यो नीति तथा कार्यक्रम स्वच्छ, सुखी, समुन्नत र समृद्ध गाउँपालिकाको खाँकासहित कार्यान्वयनयोग्य दस्तावेजको रुपमा रहेको छ । ब्रह्मपुरी गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सबै क्षेत्र, तह र निकायबाट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । नीति तथा कार्यक्रमका लागि सुझाव दिनुहुने र तर्जुमाको कार्यमा संलग्न हुनुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

मिति- २०८३ असाढ १० गते

....................

रामपदारथ साह

गाउँपालिका अध्यक्ष